४० वर्षको उमेरमा

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्: ४० वर्षको उमेरमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम)माथि कुर्आन अवतरण गरिएको थियो । त्यसपछि उहाँ १३
वर्ष मक्कामा बस्नु भयो अनि उहाँलाई हिजरत (बसाइँ सर्ने) गर्ने आदेश भयो र उहाँ
मदीना "हिजरत" गरेर जानु भयो र त्यहाँ १०वर्ष बस्नु भयो र त्यस पछि उहाँको देहान्त
भयो ।
[सही] [मुत्तफकुन अलैहि]

इब्न अब्बासले बताए अनुसार, जब नबी (सल्लल्लाहु अलैहि वसल्लम)लाई अल्लाहको वाणी (वही) प्राप्त भयो र रसूल (ईशदूत) बनाइयो, त्यतिबेला उहाँ ४० वर्षका हुनुहुन्थ्यो। वही प्राप्त गरेपछि उहाँले १३ वर्ष (इस्लामको प्रचारप्रसारमा) मक्कामा बिताउनुभयो। त्यसपछि उहाँलाई मदिना बसाइँ सर्न आदेश भयो र उहाँले १० वर्ष मदिनामा बिताउनुभयो। अन्त्यमा, उहाँको ६३ वर्षको उमेरमा देहान्त भयो।"

http://www.sunnah.global/hadeeth/ne/show/65050